Unilever

**Unilever Nepal Limited**
City Square Building
2nd & 3rd Floor
New Baneshwor-10
GPO Box 7765, Kathmandu
Nepal.
www.unilevernepal.com
T: +977-1-4796818

**मिति:२०८२/०६/३१ गते ।**

श्रीमान रजिष्ट्रार ज्यू,
श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर,काठमाण्डौ ।

बिषय : **३२ औं बार्षिक साधारण सभाको सुचना प्रकाशन गरेको बारे ।**

महोदय,

उपरोक्त सम्वन्धमा बि.सं. २०८२ आषाढ मसान्तमा समाप्त अवधीको आर्थिक बर्ष २०८१/०८२ को युनिलिभर नेपाल लिमिटेडको ३२ औं बार्षिक साधारण सभा मिति २०८२ साल कात्तिक २५ गते सम्पन्न गर्ने कार्यक्रम भएकोले कम्पनी ऐन २०६३ को दफा ७७(३) बमोजिमको विवरण संलग्न रहेको बार्षिक प्रतिवेदन तथा कम्पनीको दर्ता किताब २०८२ साल कात्तिक ११ गते देखि २५ गते सम्म बन्द रहने जानकारी राष्ट्रिय दैनिक प्रत्रिकामा कान्तिपुरमा प्रकाशन गरेको जानकारी यसै साथ संलग्न गरी पेश गरेको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

नि.युनिलिभर नेपाल लिमिटेड

गोविन्द बहादुर शाही
कम्पनी सचिव

**बोधार्थ**
श्री धितोपत्र बोर्ड,खुमलटार
श्री नेपाल स्टक एक्सचेन्ज,सिंहदरबार
श्री सि.डि.एस. एण्ड क्लियरिङ लि.,पुतलीसडक

UNILEVER NEPAL LIMITED

## युनिलिभर नेपाल लिमिटेडको ३२ औं वार्षिक साधारणसभाको सूचना

युनिलिभर नेपाल लिमिटेड (UNL) को ३२ औं (बत्तिसौं) वार्षिक साधारण सभा यही २०८२ कार्तिक २५ गते (नोभेम्बर ११, २०२५) मंगलबारका दिन नेपाली समय अनुसार दिउँसो ४:३० बजे हुने र सो सभामा निम्न विषयहरूमा छलफल हुने भएकोले सम्पुर्ण आदरणीय शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभा हुने स्थान द एभरेष्ट होटल, नयाँ बानेश्वर, काठमाडौं रहेको छ ।

**साधारण प्रस्ताव:**

१. आर्थिक वर्ष २०८१।०८२ (२०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्त सम्म, ता १६ जुलाई २०२४ देखि ता १६ जुलाई, २०२५) को नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको २०८२ आषाढ मसान्त (ता १६ जुलाई २०२५) सम्मको सञ्चालक समिति र लेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. श्रावण १, २०८२ (१७ जुलाई २०२५) देखी शुरू हुने आगामी आर्थिक वर्षको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।

३. सञ्चालक समितिको सिफारिस अनुसार लाभांश स्वीकृत गर्ने ।

४. युनिलिभर नेपाल लिमिटेड (UNL) को संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक र सामुदायिक परियोजनाहरूमा आर्थिक योगदानको लागि प्रस्ताव पारित गर्ने ।

५. अध्यक्षको अनुमतिमा अन्य कुनै पनि विषय(हरू) पेश गर्ने ।

**विशेष प्रस्ताव:**

संस्थापक शेयरधनीको नाम सिबक्रिम होल्डींग्स् प्राइभेट लिमिटेडबाट आई. जे. ग्रुप होल्डींग्स् प्राइभेट लिमिटेडमा परिवर्तन भएको व्यहोरा अभिलेख गरी सो बमोजिमको प्रबन्धपत्र, नियमावली लगायतका कागजातहरूमा आवश्यक संशोधन तथा नियामक निकायहरूमा अद्यावधिक गर्नको लागि कम्पनी ऐन २०६३को दफा २१ तथा यस कम्पनिको नियमावलीको नियम ५२ बमोजिम संशोधन गर्न स्वीकृत गर्ने ।

**नोटहरू:**

१. २०८२ असार मसान्त (जुलाई १६, २०२५) मा अन्त हुने आर्थिक वर्षको वार्षिक साधारणसभा बोलाउने सूचना, वार्षिक प्रतिवेदन र प्रोक्सी फारम तल उल्लेखित क्यु आर (QR Code) बाट डाउनलोड गर्न सकिनेछ भने यो सूचना नेपाल स्टक एक्सचेन्ज (NEPSE) को वेबसाइट www.nepalstock.com र युनिलिभर नेपाल लिमिटेड (UNL) को वेबसाइट www.unilevernepal.com मा पनि उपलब्ध छ । ग्रीन इनिसिएटिभ (Green Initiative) अन्तर्गत र दिगोपनको पालनाको लागि, वार्षिक प्रतिवेदन र प्रोक्सी फारमको विद्युतिय प्रतिहरु शेयर रजिस्ट्रार (RTS) अभिलेखमा उपलब्ध भई दर्ता भएको शेयरधनीहरूको इमेल ठेगानामा पठाइनेछ ।

२. कुनै पनि प्रश्न, प्रतिक्रिया वा सुझावहरू दर्ता गर्ने विकल्प सबै शेयरधनीहरूलाई साधारण सभाको मिति अघि र साधारण सभाको दिनमा उपलब्ध छ । इच्छुक शेयरधनीहरूले १८ कार्तिक २०८२ मंगलबार (०४ अक्टोबर २०२५) सम्म वा unl.shareholdersconnect@unilever.com मा लेखेर वा ९८०११३३८५७ मा सम्पर्क गरी सो प्रश्न वा सुझाव भए दर्ता गर्न सक्नुहुनेछ जसले गर्दा साधारण सभामा स्पष्ट उत्तर, प्रतिक्रिया प्रदान गर्न मद्दत गर्नेछ ।

३. सम्मानित उच्च अदालत पाटनले दिएको अन्तरिम आदेश जारी रहेकाले यस वर्ष सार्वजनिक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन हुने छैन ।

४. भौतिकरूपमा शेयर धारण गर्ने र कम्पनीसँग आफ्नो इमेल ठेगाना, पत्राचार ठेगाना, वा अन्य विवरण अद्यावधिक गरि सक्नु नभएका सेयरधनीलाई कम्पनीको इमेल आईडीः unl.shareholdersconnect@unilever.com मा लेखेर र pratima.nepal@lscapital.com.np मा कपि गरेर आफ्नो इमेल ठेगाना र व्यक्तिगत विवरण सदस्यको नाम र ठेगाना, सम्पर्क नम्बर (मोबाइल नम्बर), प्यान कार्डको स्व-प्रमाणित प्रतिलिपि र आफ्नो ठेगानालाई प्रमाणित गर्ने अन्य कुनै पनि कागजातको स्व-प्रमाणित प्रतिलिपि (जस्तैः ड्राइभिङ लाइसेन्स, नागरिकताको प्रमाणपत्र, राहदानी) पेश गरी अद्यावधिक गर्न अनुरोध गरिन्छ । साथै, अभौतिकीकृत रूपमा शेयर धारण गर्ने सदस्यहरूलाई सम्बन्धित डिपोजिटरी पार्टिसिपेण्टहरूसँग २०८२ कार्तिक ०९ गते (अक्टोबर २६, २०२५) आईतबार बेलुका ५:०० बजे वा सो भन्दा अघि आफ्नो इमेल ठेगानाहरू दर्ता वा अद्यावधिक गर्न अनुरोध गरिन्छ । इ-मेल ठेगाना दर्ता गर्दा कुनै पनि जिज्ञासा वा कठिनाइहरू भएमा, सेयरधनीले सम्पर्क नम्बरः ९७७-०१-५९७००६४, एक्सटेन्सन नम्बरः २०६ अथवा कम्पनीको ईमेल आइडीः unl.shareholdersconnect@unilever.com मा लेख्न वा कम्पनीको शेयर रजिष्ट्रारमा इमेल मार्फत pratima.nepal@lscapital.com.np मा सम्पर्क गर्न सक्नुहुनेछ ।

| वार्षिक प्रतिवेदन (२०८१ । ८२) | | प्रोक्सी फाराम |
|---|---|---|
| नेपाली | अंग्रेजी | नेपाली |

तपाईलाई वार्षिक प्रतिवेदन खोल्न र पढ्नको लागि उपयुक्त PDF रिडर सफ्टवेयर आवश्यक हुनेछ ।

५. कम्पनीको दर्ता किताब २०८२ कार्तिक ११ गते (अक्टोबर २८, २०२५) देखि २०८२ कार्तिक २५ गते (नोभेम्बर ११, २०२५) सम्म बन्द रहनेछ ।

६. सभा तोकिएको समयमा नै प्रारम्भ हुने भएको हुनाले इच्छुक शेयरधनीहरूलाई पहिचानको लागि आफ्नो कुनै आधिकारिक परिचयपत्र (ड्राइभिङ लाइसेन्स, नागरिकता, राहदानी वा सेयर प्रमाणपत्र) साथमा ल्याउन र दर्ता गर्नको लागि तोकिएको समय भन्दा अगाडी नै तोकिएको स्थानमा उपस्थित हुनको लागि अनुरोध गर्दछौं ।

७. मिति २०८२ कार्तिक ११ गते (अक्टोबर २८, २०२५) अर्थात शेयरधनी दर्ता बन्द हुने समय शुरुहुन भन्दा अगाडि शेयर दर्ता किताबमा सदस्यहरू वास्तविक धनीहरूको रूपमा दर्ता भएको शेयरधनीहरूले स्वयं आफै उपस्थित भई वा प्रतिनिधी (प्रोक्सी) मार्फत सूचनामा उल्लेखित प्रस्ताव उपरको छलफलमा भाग लिई मतदान गर्न पाउनु हुनेछन् । तोकिएको मितिमा सेयरसदस्य नभएको व्यक्तिले यो सूचनालाई साधारण सभाको जानकारीको लागि मात्र लिनुपर्नेछ । मतदान गर्ने तरिका र अन्य निर्देशनहरू सभा स्थलमा उपलब्ध गराइनेछ ।

८. सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले साधारणसभा शुरू हुनुभन्दा १४४ घण्टा अगाडि अर्थात् २०८२ कार्तिक १९ गते (नोभेम्बर ०५, २०२५) बुधबार दिउँसो ४:३० बजे वा सोभन्दा अगाडि कमलपोखरी, काठमाडौं स्थित, कम्पनी शेयर रजिष्ट्रारको लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा प्रोक्सी फारम बुझाउनु पर्नेछ । सो फाराम सोही मिति अगाडि pratima.nepal@lscapital.com.np मा ईमेल गर्दा पनि हुन्छ ।

९. शेयर रजिष्ट्रार (RTS) को कार्यालयले सभाको समय भन्दा ७२ घण्टा अगाडी अर्थात् २०८२ कार्तिक २१ गते (नोभेम्बर ०७, २०२५) दिउँसो ४:३० बजे वा अघि प्रोक्सी खारेज गरीएको कुराको सूचना प्राप्त नगरेमा शेयरधनीको तर्फबाट प्रोक्सीले गरेको सबै कामलाई वैध घोषित गरिनेछ । शेयरधनी आफैले भाग लिन र मतदान गर्न चाहेमा प्रोक्सी पेस गरेपछि, सूचना दिई र सेयर रजिष्ट्रार (RTS) लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा साधारणसभा बस्नुभन्दा ७२ घण्टा अगाडी अर्थात् २०८२ कार्तिक २१ गते (नोभेम्बर ०७, २०२५) दिउँसो ४:३० बजे वा अघि दर्ता गरिसक्नु पर्नेछ । अन्यथा, शेयरधनीहरु बैठकमा उपस्थित हुन सक्नेछैनन् । यदि साधारणसभा रद्ध भयो भने, दर्ता गरिएको प्रोक्सी, रद्द गरिएको प्रोक्सी यथावत रहनेछ र परिवर्तन गरिने छैन ।

१०. यदि कुनै शेयरधनीहरुले एकभन्दा बढी प्रतिनिधीहरू (प्रोक्सीहरु) छानेका रहेछन् भने, पछिको मितिमा दर्ता भएको प्रोक्सीलाई वास्तविक प्रोक्सी मानिनेछ र यसअघि दर्ता भएका अन्य सबै प्रोक्सीहरु अवैध घोषित गरिनेछ । तर त्यस्तो प्रोक्सी लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा सभा हुनु भन्दा १४४ घण्टा अगाडि अर्थात् २०८२ कार्तिक १९ गते (नोभेम्बर ०५, २०२५) बुधबार दिउँसो ४:३० वा सो भन्दा अघि दर्ता भएको हुनुपर्छ । एक आपसमा मिलेर खरिद गरिएको शेयरको हकमा एक प्रतिनिधिले मात्र बैठकमा भाग लिन र मतदान गर्न सक्नेछन् ।

११. ट्रस्टी, कर्पोरेशन, म्युचुअल फण्ड वा संघ-संस्थाद्वारा नियुक्त प्रतिनिधिले अख्तियारीको प्रमाण पेश गरेर मात्र सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।

१२. नाबालिक र निष्क्रिय शेयरधनीहरूको हकमा, शेयर दर्ताकितावमा अभिभावकको रूपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

१३. सुरक्षाको लागि कार्यक्रम स्थलमा कुनै पनि झोला वा प्याकेट नल्याउनको लागि शेयरधनी ज्यूहरूलाई हार्दिक अनुरोध गर्दछौं । सभाकक्षमा प्रवेश गर्नु अघि तपाईका सबै झोला र प्याकेटहरूको जाँच हुने भएको हुनाले सुरक्षामा समन्वय गर्नको लागि अनुरोध गरिन्छ ।

१४. थप जानकारीको लागि युनिलिभर नेपाल लिमिटेडको कार्यालय वा कम्पनीको शेयर रजिष्ट्रार लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा तोकिएको समय भित्रै सम्पर्क गर्नुहुन सम्पुर्ण शेयरधनी ज्यूहरूलाई अनुरोध गर्दछौं ।

**मिति: २०८२-०६-३१**
**रजिष्टर्ड कार्यालय:**
**हेटौंडा-३, बसामाडी, मकवानपुर, नेपाल**

**युनिलिभर नेपाल लिमिटेडको तर्फबाट**
**गोविन्द बहादुर शाही**
**कम्पनी सचिव**

# एमालेमा बहस : प्रतिनिधिसभा पुनःस्थापना कि चुनाव ?

**गंगा बीसी** (काठमाडौं)

एमालेमा संसद् पुनःस्थापना गर्ने कि निर्वाचनमा जाने भन्ने विषयमा मतभेद देखिएको छ । अध्यक्ष केपी शर्मा ओलीले बुधबार केन्द्रीय कमिटी बैठकमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा प्रतिनिधिसभा पुनःस्थापना गर्ने प्रस्ताव गरेका छन् । तर केही केन्द्रीय सदस्यले चुनावमा जानुपर्ने मत राखेका छन् ।

बुधबार र बिहीबार बैठकमा बोल्ने एक सय ८४ केन्द्रीय सदस्यमध्ये करिब ८० प्रतिशतले प्रतिनिधिसभा पुनःस्थापना गर्नु उचित हुने मत राखे । सरकारले २१ फागुनमा चुनाव गराउनेमा आशंका व्यक्त गर्दै उनीहरूले चुनाव हुने स्थितिमा पार्टी भाग्न नहुने धारणा राखे । प्रतिनिधिसभा पुनःस्थापनाको प्रस्तावमा समर्थन गर्ने नेताहरूले आन्तरिक रूपमा निर्वाचनको तयारीमा लाग्नुपर्ने सुझाव पनि दिए ।

केन्द्रीय सदस्य महेश बर्तौला, यज्ञराज सुनुवारले संसद् पुनःस्थापना गर्नुपर्ने धारणा राखेका थिए । 'सडक आन्दोलनबाट प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्छ । त्यसपछि सर्वदलीय सरकारमार्फत निर्वाचनमा जानुपर्छ' एमालेको पूर्वप्रमुख सचेतकसमेत रहेका बर्तौलाको भनाइ थियो । त्यस्तै मोहम्मद हारुन, मोहम्मद समिरले पनि प्रतिनिधिसभा पुनःस्थापना गर्नु उचित हुने बताएका थिए ।

केन्द्रीय सदस्यहरू दीपा शर्मा, युवराज बाँस्कोटा, रामलाल साह, माधव अर्याल, रामचन्द्र खड्का, रचना खड्का, झपट रावल, प्रकाश शाह, नरेन्द्र श्रेष्ठ, सुरेन्द्र मानन्धर, बाबुराम थापा, नवीना लामा, नरकुमारी पुन र ठम्मर विष्टलगायतले ओली नेतृत्वको सरकारका कारण वर्तमान अवस्था आएको बताएका थिए । उनीहरूले जेन-जी आन्दोलनबाट सरकार बिस्थापित भएकाले घोषणा भएको निर्वाचनमा भाग लिने तयारी गर्न सुझाव दिएका थिए ।

आफ्नो सुझावविपरीत अन्तरिम सरकार गठन भएको भन्दै एमाले संसद् पुनःस्थापनाको पक्षमा उभिएको हो । ओलीले आफ्नो राजनीतिक प्रतिवेदनमा प्रतिनिधिसभा विघटन असंवैधानिक र अलोकतान्त्रिक भएको उल्लेख गर्दै पुनःस्थापनामा जोड दिएका छन् ।

यस्तै उनले आगामी मंसिर अन्तिममा पार्टीको महाधिवेशन गर्ने प्रस्ताव पनि गरेका छन् ।

केन्द्रीय सदस्य सुभाष देवकोटाले परिस्थिति मूल्यांकनमा कमजोरी भएको अधिकांशको बुझाइ भएको बताए । एमाले प्रचार बिभाग प्रमुख राजेन्द्र गौतमले महाधिवेशन घोषणा भइसकेको हुनाले अहिले नेतृत्व पुनर्गठन विषय मुख्य एजेन्डा नभएको बताए । उनले निर्वाचन हुने अवस्थामा एमाले चुनावबाट नभाग्ने जनाए ।

बैठकमा नेताहरू पूर्वराष्ट्रपति विद्या भण्डारीको पक्षमा खुलेका छन् । केन्द्रीय सदस्यहरू दीपा शर्मा, युवराज बाँस्कोटा, रामलाल साह, माधव अर्याल, रचना खड्का, मञ्जु गुरुङ, नवीना लामा, परशुराम अधिकारीलगायत ३० जनाले सदस्यता 'पेन्डिङ' मा राख्न नहुने धारणा राखेका थिए ।

बैठकमा पार्टीमा आन्तरिक लोकतन्त्र नभएको, जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक संकट आउनुमा नेतृत्व जिम्मेवार रहेको भन्दै एमाले अध्यक्ष ओलीको आलोचना भएको छ ।

## निर्वाचनको वातावरण...

माओवादी नेता देव गुरुङले आफ्नो पार्टी चुनावमा भाग लिन तयार रहेको भन्दै सरकारले दलहरूलाई बिश्वासमा लिनुपर्ने बताए । 'आयोगले निर्वाचन व्यवस्थापनको काम गर्ने हो । निर्वाचनको मिति सरकारले दिएकाले उसको जिम्मेबारी बढी छ । पहिला शान्तिसुरक्षाको स्थितिप्रति सबैलाई आश्वस्त पार्न सक्नुपर्‍यो,' उनले भने, 'दलहरूसँग प्रतिशोध लिने काम भएको देखिन्छ । यसले निर्वाचन बिथोलिन्छ । सरकारले उचित व्यवस्थापन गर्न सकेन भने निर्वाचन नहुने दिशामा मुलुक जान्छ ।'

माओवादीकै अर्का नेता लीलामणि पोखरेलले गैरदलीय व्यवहारले चुनाव सम्भव नहुने उल्लेख गरे । सरकारको प्राथमिकता चुनाव हो भन्नेमा आशंका कायम रहेको उनको भनाइ थियो । उनले पनि दल, आयोग र सरकारबीच गम्भीर अन्तरक्रियाको आवश्यकता रहेको बताए ।

एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेले सरकार-आयोग र राजनीतिक दल एक ठाउँमा बसेर छलफल हुनुपर्ने बताए । 'यस्ता छलफलमा सरकार चाहिन्छ,' उनले भने, 'निष्पक्ष चुनाव हुने अनुभूति छैन । वातावरण बनाउन सरकार लागेको देखिएन ।' चुनाव गराउने जिम्मेवारी सरकारले लिएकाले वातावरण बनाउने काम पनि उसैको रहेको उनले उल्लेख गरे ।

राप्रपा महामन्त्री राजेन्द्र गुरुङले निर्वाचनकै लागि बनेको अन्तरिम सरकारले दलसँग संवाद गर्न नखोजेको आरोप लगाए । 'राजनीतिक दलहरूलाई निर्वाचनतर्फ डोर्‍याउने काम सरकारको हो,' उनले भने । आफ्नो पार्टी चुनावमा भाग लिन तयार रहेको तर त्यसका लागि भयरहित वातावरण बनाउने, शान्ति सुरक्षा सुनिश्चित गर्ने दायित्व सरकारको रहेको गुरुङले बताए ।

जनता प्रगतिशील पार्टीका वरिष्ठ उपाध्यक्ष शिवजी यादवले निर्वाचन सम्पन्न गराउने सुरक्षा निकाय, कर्मचारी र न्यायालयसम्मको मनोबल कमजोर रहेको स्थितिमा चुनावलाई लिएर संशय कायम रहेको उल्लेख गरे । 'स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव हुनुपर्छ । त्यसका लागि सुरक्षा निकायदेखि सबैको मनोबल उकास्न जरुरी छ,' उनले भने, 'त्यो प्रत्याभूति दिने जिम्मेवारी सरकारको हो ।' लोकतान्त्रिक समाजवादी पार्टीका महासचिव सुरेन्द्रकुमार झाले पनि चुनावका लागि सरकारले विश्वास दिलाउन नसकेको बताए । गृहमन्त्री ओमप्रकाश अर्यालको अभिव्यक्तिमा पनि तारतम्य नमिलेको उनको भनाइ थियो । चुनावलाई लिएर पहिला विश्वासको वातावरण बन्नुपर्ने र त्यसका लागि सरकारले अग्रसरता लिनुपर्ने उनले उल्लेख गरे ।

विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकारबारे भइरहेको बहसमा उनले आयोगको ध्यानाकर्षण गराएका थिए । 'विदेश भनेको के ? अमेरिका, बेलायत वा कतार कुन ? मतदानको अधिकार दिने हो भने एउटालाई दिने, अर्कोलाई नदिने भन्ने हुँदैन । विश्वभरि जुन-जुन देशमा नेपाली छन्, त्यहाँ सबैलाई यो अधिकार प्रयोगको सुविधा दिइनुपर्छ,' उनले भने, 'त्यो गरियो भने ठीक छ । नभए स्वीकार हुन्न ।'

आयोगले निर्वाचनका लागि सुझाव लिन दलहरूलाई बोलाएको थियो । आयोगमा १ सय २४ राजनीतिक दल दर्ता छन् । त्यसमध्ये विघटित प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहमा प्रतिनिधित्व गरेका २९ दललाई पहिलो चरणमा आयोगले छलफलका लागि बोलाएको हो ।

## ३ पूर्वप्रधानमन्त्री र २ पूर्वमन्त्रीको...

'त्यसपछि अनुसन्धानको दायरामा रहेका व्यक्तिमार्फत लाभ लिने नातागोता सबैलाई तहगत रूपमा जोड्दै अघि बढ्नुपर्ने हुन्छ । यसका लागि विभिन्न निकायबाट विवरण संकलन कार्य अघि बढाइएको छ,' उनले भने ।

लामो समयदेखि सत्ता र शक्तिमा रहेका देउवा, ओली र दाहालविरुद्ध सम्पत्ति शुद्धीकरणमा अनुसन्धान अघि बढेको यो पहिलो पटक हो । सार्वजनिक खरिद, विभिन्न नियुक्ति, सरुवा/बढुवा, राष्ट्रिय सम्पत्ति हिनामिनालगायत अनेक प्रकरणमा पटकपटक विवादित भए पनि उनीहरूमाथि कहिल्यै अनुसन्धान भएको थिएन । जेन-जी विद्रोहले तत्कालीन सरकार ढालेपछि बनेको अन्तरिम सरकारले भने उनीहरूमाथि अनुसन्धान अघि बढाएको हो । एमाले अध्यक्ष ओली प्रधानमन्त्री भएका बेला २०७४ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत लगिएको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अन्तरिम सरकारले अर्थ मन्त्रालयमा फिर्ता गरिसकेको छ ।

पूर्वप्रधानमन्त्री देउवा २०४८ देखि निरन्तर सार्वजनिक लाभको पदमा छन् । २०४८ पछिका सबै संसदीय र संविधानसभा निर्वाचनमा उनी डडेलधुराबाट बिजयी भएका थिए । उनी २०४८ मै गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा गृहमन्त्री बनेका थिए । २०५२, २०५८, २०६१, २०७४ र २०७८ मा गरी ५ पटक उनी प्रधानमन्त्री भए । देउबा पत्नी आरजु राणा देउबा २०६४, २०७० र २०७९ मा कांग्रेसबाट समानुपातिक सांसद भइन् । जेन-जी विद्रोहअघिसम्म ओली नेतृत्वको सरकारमा उनी परराष्ट्रमन्त्री थिइन् । प्रदर्शनकारीले २४ भदौमा निवासमै देउबा दम्पतीमाथि हातपात पनि गरेका थिए ।

अर्का पूर्वप्रधानमन्त्री एवं माओवादी संयोजक दाहाल २०६२/६३ को परिवर्तनपछि संसदीय राजनीतिमा सक्रिय भएका हुन् । त्यसयता उनी तीन पटक प्रधानमन्त्री बनिसकेका छन् । शान्ति प्रक्रियामा आएपछि माओवादी लडाकुका लागि सरकारले दिएको भरणपोषण खर्च हिनामिना गरेको आरोप पनि उनीमाथि लाग्दै आएको छ । दाहाल बिवादास्पद व्यबसायी शारदा अधिकारीको खुमलटारस्थित घरमा बस्दै आएका थिए, जुन घर २४ भदौमा प्रदर्शनकारीले आगजनी गरेका थिए ।

ओली पनि सधैं सत्ता र शक्तिको केन्द्रमा रहेका नेता हुन् । २०५१ मा बनेको मनमोहन अधिकारी नेतृत्वको सरकारमा गृहमन्त्री रहेका ओली २०६२/६३ को राजनीतिक परिवर्तनपछि बनेको गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा उपप्रधान तथा परराष्ट्रमन्त्री थिए । उनी २०७२, २०७४, २०७७ र २०८१ गरी चार पटक प्रधानमन्त्री भए । ओलीमाथि बिवादित व्यापारीलाई पोसेको, सरकारी/सार्वजनिक सम्पत्ति कौडीको भाउमा सुम्पिएको आरोप लाग्दै आएको छ । पञ्चायतकालमै उद्योग सञ्चालनका लागि हदबन्दी छुटमा दिइएको झापाको गिरीबन्धु टी-इस्टेटको जग्गा हिनामिना गर्ने प्रपञ्चलाई साथ दिँदै कानुन संशोधन गरेको, मन्त्रिपरिषद बाट निर्णय गराएको आरोप उनीमाथि छ ।

कांग्रेस नेता खड्का ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री भएका बेला जलविद्युत् आयोजनाको लाइसेन्स दिँदा र ठेक्का लगाउँदा बिबादमा मुछिएका थिए । जलस्रोत उत्पादनको लाइसेन्स र ठेक्का दिलाउन 'मन्त्री क्वार्टर र मन्त्रालयमै बसेर' चेक लेनदेन गरेको आरोप उनीमाथि लागेको थियो । तर उनीमाथि अनुसन्धान हुन सकेको थिएन । लैनचौरस्थित नेपाल स्काउटको जग्गा हिनामिनामा पनि उनी मुछिएका थिए । पार्टीका बलशाली नेताहरूको 'सहयोगदाता' का रूपमा पनि चिनिएका उनको आर्थिक स्रोतको खोजबिन नै भएन ।

सडकमै उत्रिने गरी जेन-जी आक्रोशित हुनुमा पनि भ्रष्टाचारका अनेक प्रकरणमा निष्पक्ष अनुसन्धान नगरिनु, पहुँचवालालाई संरक्षण गरिनु मुख्य कारण थिए । जेन-जी आन्दोलनको मुख्य माग नै भ्रष्टाचार नियन्त्रण थियो । जेन-जी जन्मन थालेयता (२०५३ पुसयता) मात्र वाइडबडी जहाज खरिद, सुडान घोटाला, लडाकु शिविर अनियमितता, कर फछ्र्योटमा बेइमानी, सार्वजनिक जग्गा हिनामिना (ललिता निवास, पतञ्जलि जग्गा, गिरीबन्धु टी-इस्टेट, टीकापुर जग्गा, लिची बगान जग्गा, बाल मन्दिर र बाँसबारी जग्गा), नक्कली भुटानी शरणार्थी, भिजिट भिसा जस्ता अनियमितताका चर्चित प्रकरण भएका थिए । कोरोनाकालमा औषधि/उपकरण खरिदसम्बन्धी ओम्नी काण्ड, नेपाल ट्रस्टको जग्गामा अनियमितता, सुन तस्करी प्रकरण, सहकारी ठगी, सेक्युरिटी प्रेस खरिद, टेरामक्स, अन्तःशुल्क स्टिकर छपाइ, मेलम्ची आयोजनालगायत सम्बन्धी हिनामिनाका घटना भएका थिए । यी अधिकांश प्रकरणमा राजनीतिक दलका नेताहरू मुछिएका थिए ।

**शेयर लगत किताब बन्द रहने सूचना**

यस कम्पनीको ३२औं (बत्तिसौं) वार्षिक साधारण सभाको सिलसिलामा कम्पनीको शेयर लगत किताब मिति २०८२ कार्तिक ११ गते (अक्टोबर २८, २०२५) देखि २०८२ कार्तिक २५ गते (नोभेम्बर ११, २०२५) गते सम्म बन्द रहने व्यहोराको यो सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

युनिलिभर नेपाल लिमिटेड
बसामाडी, हेटौंडा-०३
मकवानपुर, नेपाल

**नेपाल विद्युत प्राधिकरण**
बितरण तथा ग्राहक सेवा निर्देशनालय

**दिपावली तथा छठ पर्वको अवसरमा आवश्यक सतर्कता अपनाउने सम्बन्धमा नेपाल विद्युत प्राधिकरणको सर्वसाधारणमा अनुरोध !!**

बिभिन्न चाडपर्वको अवसरमा आ-आफ्नो घर/कार्यालयलाई आकर्षक तथा झकिझकाउ बनाउन बिभिन्न किसिमका सजावटयुक्त बत्तिहरुको प्रयोग गर्दा सावधानी नअपनाईएको कारण विद्युतीय दुर्घटना हुन गइ जनधनको क्षती हुन पुगेका घटनाहरु प्रति नेपाल विद्युत प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ। यसै सन्दर्भमा आगामी २०८२ सालको दिपावली तथा छठ पर्व हर्षोल्लासकासाथ मनाउने क्रममा त्यस्तो सम्भावित विद्युतीय दुर्घटना हुन नदिन देहायबमोजिमका कार्यहरु गरी तथा सावधानी अपनाई विद्युतीय दुर्घटना न्यूनिकरणको लागि आवश्यक सहयोग गरिदिनुहुन नेपाल विद्युत प्राधिकरण सबैमा हार्दिक अनुरोध गर्दछ।

- झिलिमिली बत्ति जडान गर्दा विद्युतको पोल, टावर, स्टे, तार जस्ता विद्युतीय संरचनालाई नछुने गरी सावधानीपूर्वक जडान गर्ने।
- नेपाल विद्युत प्राधिकरणको बितरण प्रणाली तथा सडक बत्तिको लाईन संरचनामा सोझै हुकिङ्ग गरी झिलिमिली बत्ति जडान नगर्ने साथै सोझै हुकिङ्ग गरी बत्ति जडान गरेको देखिएमा तत्काल नजिकको प्राधिकरणको कार्यालयमा खबर गर्ने।
- तोकिएको मापदण्ड विपरीत वितरण तथा प्रशारण लाइन मुनि पर्ने गरी धार्मिक तथा साँस्कृतीक कार्यक्रमको लागि आवश्यक संरचना निर्माण नगर्ने।
- विद्युतीय तार लत्रिएको वा चुँडिएको देखिएमा नजिकको नेपाल विद्युत प्राधिकरणको कार्यालयमा तत्काल खबर गर्ने।
- विद्युतीय प्रणालीमा रहेका इन्सुलेटर, तार जस्ता उपकरणहरुमा कुनै क्षती भएको देखिएमा वा विद्युत लाइन नजिक रहेका बाँस, लहरा वा रुखको हाँगाहरुले विद्युतीय लाइनमा छोएको वा छुने अवस्था देखिएमा नजिकको नेपाल विद्युत प्राधिकरणको कार्यालयमा जानकारी गराउने।

UNILEVER NEPAL LIMITED

# युनिलिभर नेपाल लिमिटेडको ३२ औं वार्षिक साधारणसभाको सूचना

युनिलिभर नेपाल लिमिटेड (UNL) को ३२ औँ (बत्तिसौँ) वार्षिक साधारण सभा यही २०८२ कार्तिक २५ गते (नोभेम्बर ११, २०२५) मंगलबारका दिन नेपाली समय अनुसार दिउँसो ४:३० बजे हुने र सो सभामा निम्न विषयहरूमा छलफल हुने भएकोले सम्पुर्ण आदरणीय शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभा हुने स्थान द एभरेष्ट होटल, नयाँ बानेश्वर, काठमाडौं रहेको छ ।

**साधारण प्रस्तावः**

१. आर्थिक वर्ष २०८१।०८२ (२०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्त सम्म, ता १६ जुलाई २०२४ देखि ता १६ जुलाई, २०२५) को नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको २०८२ आषाढ मसान्त (ता १६ जुलाई २०२५) सम्मको सञ्चालक समिति र लेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. श्रावण १, २०८२ (१७ जुलाई २०२५) देखी शुरू हुने आगामी आर्थिक वर्षको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।

३. सञ्चालक समितिको सिफारिस अनुसार लाभांश स्वीकृत गर्ने ।

४. युनिलिभर नेपाल लिमिटेड (UNL) को संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक र सामुदायिक परियोजनाहरूमा आर्थिक योगदानको लागि प्रस्ताव पारित गर्ने ।

५. अध्यक्षको अनुमतिमा अन्य कुनै पनि विषय(हरू) पेश गर्ने ।

**विशेष प्रस्तावः**

संस्थापक शेयरधनीको नाम सिबक्रिम होल्डींग्स् प्राइभेट लिमिटेडबाट आ.ई. जे. ग्रुप होल्डींग्स् प्राइभेट लिमिटेडमा परिवर्तन भएको व्यहोरा अभिलेख गरी सो बमोजिमको प्रबन्धपत्र, नियमावली लगायतका कागजातहरूमा आवश्यक संशोधन तथा नियामक निकायहरूमा अद्यावधिक गर्नको लागि कम्पनी ऐन २०६३को दफा २१ तथा यस कम्पनिको नियमावलीको नियम ५२ बमोजिम संशोधन गर्न स्वीकृत गर्ने ।

**नोटहरूः**

१. २०८२ असार मसान्त (जुलाई १६, २०२५) मा अन्त हुने आर्थिक वर्षको वार्षिक साधारणसभा बोलाउने सूचना, वार्षिक प्रतिवेदन र प्रोक्सी फारम तल उल्लेखित क्यु आर (QR Code) बाट डाउनलोड गर्न सकिनेछ भने यो सूचना नेपाल स्टक एक्सचेन्ज (NEPSE) को वेबसाइट www.nepalstock.com र युनिलिभर नेपाल लिमिटेड (UNL) को वेबसाइट www.unilevernepal.com मा पनि उपलब्ध छ । ग्रीन इनिसिएटिभ (Green Initiative) अन्तर्गत र दिगोपनको पालनाको लागि, वार्षिक प्रतिवेदन र प्रोक्सी फारमको विद्युतिय प्रतिहरु शेयर रजिस्ट्रार (RTS) अभिलेखमा उपलब्ध भई दर्ता भएको शेयरधनीहरुको इमेल ठेगानामा पठाइनेछ ।

२. कुनै पनि प्रश्न, प्रतिक्रिया वा सुझावहरू दर्ता गर्ने विकल्प सबै शेयरधनीहरुलाई साधारण सभाको मिति अघि र साधारण सभाको दिनमा उपलब्ध छ । इच्छुक शेयरधनीहरुले १८ कार्तिक २०८२ मंगलबार (०४ अक्टोबर २०२५) सम्म वा unl.shareholdersconnect@unilever.com मा लेखेर वा ९८०११३३८५७ मा सम्पर्क गरी सो प्रश्न वा सुझाव भए दर्ता गर्न सक्नुहुनेछ जसले गर्दा साधारण सभामा स्पष्ट उत्तर, प्रतिक्रिया प्रदान गर्न मद्दत गर्नेछ ।

३. सम्मानित उच्च अदालत पाटनले दिएको अन्तरिम आदेश जारी रहेकाले यस वर्ष सार्वजनिक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन हुने छैन ।

४. भौतिकरूपमा शेयर धारण गर्ने र कम्पनीसँग आफ्नो इमेल ठेगाना, पत्राचार ठेगाना, वा अन्य विवरण अद्यावधिक गरि सक्नु नभएका सेयरधनीलाई कम्पनीको इमेल आईडीः unl.shareholdersconnect@unilever.com मा लेखेर र pratima.nepal@lscapital.com.np मा कपि गरेर आफ्नो इमेल ठेगाना र व्यक्तिगत विवरण सदस्यको नाम र ठेगाना, सम्पर्क नम्बर (मोबाइल नम्बर), प्यान कार्डको स्व-प्रमाणित प्रतिलिपि र आफ्नो ठेगानालाई प्रमाणित गर्ने अन्य कुनै पनि कागजातको स्व-प्रमाणित प्रतिलिपि (जस्तैः ड्राइभिङ लाइसेन्स, नागरिकताको प्रमाणपत्र, राहदानी) पेश गरी अद्यावधिक गर्न अनुरोध गरिन्छ । साथै, अभौतिकीकृत रूपमा शेयर धारण गर्ने सदस्यहरूलाई सम्बन्धित डिपोजिटरी पार्टिसिपेण्टहरूसँग २०८२ कार्तिक ०९ गते (अक्टोबर २६, २०२५) आईतबार बेलुका ५:०० बजे वा सो भन्दा अघि आफ्नो इमेल ठेगानाहरू दर्ता वा अद्यावधिक गर्न अनुरोध गरिन्छ । इ-मेल ठेगाना दर्ता गर्दा कुनै पनि जिज्ञासा वा कठिनाइहरू भएमा, सेयरधनीले सम्पर्क नम्बरः ९७७-०१-५९७००६४, एक्सटेन्सन नम्बरः २०६ अथवा कम्पनीको ईमेल आइडीः unl.shareholdersconnect@unilever.com मा लेख्न वा कम्पनीको शेयर रजिष्ट्रारमा इमेल मार्फत pratima.nepal@lscapital.com.np मा सम्पर्क गर्न सक्नुहुनेछ ।

| वार्षिक प्रतिवेदन (२०८१ । ८२) | | प्रोक्सी फाराम |
|---|---|---|
| नेपाली | अंग्रेजी | नेपाली |

तपाईंलाई वार्षिक प्रतिवेदन खोल्न र पढ्नको लागि उपयुक्त PDF रिडर सफ्टवेयर आवश्यक हुनेछ ।

५. कम्पनीको दर्ता किताब २०८२ कार्तिक ११ गते (अक्टोबर २८, २०२५) देखि २०८२ कार्तिक २५ गते (नोभेम्बर ११, २०२५) सम्म बन्द रहनेछ ।

६. सभा तोकिएको समयमा नै प्रारम्भ हुने भएको हुनाले इच्छुक शेयरधनीहरूलाई पहिचानको लागि आफ्नो कुनै आधिकारिक परिचयपत्र (ड्राइभिङ लाइसेन्स, नागरिकता, राहदानी वा सेयर प्रमाणपत्र) साथमा ल्याउन र दर्ता गर्नको लागि तोकिएको समय भन्दा अगाडी नै तोकिएको स्थानमा उपस्थित हुनको लागि अनुरोध गर्दछौं ।

७. मिति २०८२ कार्तिक ११ गते (अक्टोबर २८, २०२५) अर्थात शेयरधनी दर्ता बन्द हुने समय शुरूहुन भन्दा अगाडि शेयर दर्ता कितावमा सदस्यहरू वास्तविक धनीहरूको रूपमा दर्ता भएको शेयरधनीहरूले स्वयं आफै उपस्थित भई वा प्रतिनिधी (प्रोक्सी) मार्फत सूचनामा उल्लेखित प्रस्ताव उपरको छलफलमा भाग लिई मतदान गर्न पाउनु हुनेछन् । तोकिएको मितिमा सेयरसदस्य नभएको व्यक्तिले यो सूचनालाई साधारण सभाको जानकारीको लागि मात्र लिनुपर्नेछ । मतदान गर्ने तरिका र अन्य निर्देशनहरू सभा स्थलमा उपलब्ध गराइनेछ ।

८. सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले साधारणसभा शुरू हुनुभन्दा १४४ घण्टा अगाडि अर्थात् २०८२ कार्तिक १९ गते (नोभेम्बर ०५, २०२५) बुधबार दिउँसो ४:३० बजे वा सोभन्दा अगाडि कमलपोखरी, काठमाडौं स्थित, कम्पनी शेयर रजिष्ट्रारको लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा प्रोक्सी फारम बुझाउनु पर्नेछ । सो फाराम सोही मिति अगाडि pratima.nepal@lscapital.com.np मा ईमेल गर्दा पनि हुन्छ ।

९. शेयर रजिष्ट्रार (RTS) को कार्यालयले सभाको समय भन्दा ७२ घण्टा अगाडी अर्थात् २०८२ कार्तिक २१ गते (नोभेम्बर ०७, २०२५) दिउँसो ४:३० बजे वा अघि प्रोक्सी खारेज गरीएको कुराको सूचना प्राप्त नगरेमा शेयरधनीको तर्फबाट प्रोक्सीले गरेको सबै कामलाई वैध घोषित गरिनेछ । शेयरधनी आफैले भाग लिन र मतदान गर्न चाहेमा प्रोक्सी पेस गरेपछि, सूचना दिई र सेयर रजिष्ट्रार (RTS) लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा साधारणसभा बस्नुभन्दा ७२ घण्टा अगाडी अर्थात् २०८२ कार्तिक २१ गते (नोभेम्बर ०७, २०२५) दिउँसो ४:३० बजे वा अघि दर्ता गरिसक्नु पर्नेछ । अन्यथा, शेयरधनीहरु बैठकमा उपस्थित हुन सक्नेछैनन् । यदि साधारणसभा रद्ध भयो भने, दर्ता गरिएको प्रोक्सी, रद्द गरिएको प्रोक्सी यथावत रहनेछ र परिवर्तन गरिने छैन ।

१०. यदि कुनै शेयरधनीहरुले एकभन्दा बढी प्रतिनिधीहरू (प्रोक्सीहरु) छानेका रहेछन् भने, पछिको मितिमा दर्ता भएको प्रोक्सीलाई वास्तविक प्रोक्सी मानिनेछ र यसअघि दर्ता भएका अन्य सबै प्रोक्सीहरू अवैध घोषित गरिनेछ । तर त्यस्तो प्रोक्सी लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा सभा हुनु भन्दा १४४ घण्टा अगाडि अर्थात् २०८२ कार्तिक १९ गते (नोभेम्बर ०५, २०२५) बुधबार दिउँसो ४:३० वा सो भन्दा अघि दर्ता भएको हुनुपर्छ । एक आपसमा मिलेर खरिद गरिएको शेयरको हकमा एक प्रतिनिधिले मात्र बैठकमा भाग लिन र मतदान गर्न सक्नेछन् ।

११. ट्रस्टी, कर्पोरेशन, म्युचुअल फण्ड वा संघ-संस्थाद्वारा नियुक्त प्रतिनिधिले अख्तियारीको प्रमाण पेश गरेर मात्र सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।

१२. नाबालिक र निष्क्रिय शेयरधनीहरुको हकमा, शेयर दर्ताकितावमा अभिभावकको रूपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

१३. सुरक्षाको लागि कार्यक्रम स्थलमा कुनै पनि झोला वा प्याकेट नल्याउनको लागि शेयरधनी ज्यूहरूलाई हार्दिक अनुरोध गर्दछौं । सभाकक्षमा प्रवेश गर्नु अघि तपाईका सबै झोला र प्याकेटहरुको जाँच हुने भएको हुनाले सुरक्षामा समन्वय गर्नको लागि अनुरोध गरिन्छ ।

१४. थप जानकारीको लागि युनिलिभर नेपाल लिमिटेडको कार्यालय वा कम्पनीको शेयर रजिष्ट्रार लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा तोकिएको समय भित्रै सम्पर्क गर्नुहुन सम्पुर्ण शेयरधनी ज्यूहरूलाई अनुरोध गर्दछौं ।

**मितिः २०८२-०६-३१**
**रजिष्टर्ड कार्यालयः**
**हेटौडा-३, बसामाडी, मकवानपुर, नेपाल**

**युनिलिभर नेपाल लिमिटेडको तर्फबाट**
**गोविन्द बहादुर शाही**
**कम्पनी सचिब**

# शेयर लगत किताब बन्द रहने सूचना

यस कम्पनीको ३२औँ (बत्तिसौँ) वार्षिक साधारण सभाको सिलसिलामा कम्पनीको शेयर लगत किताब मिति २०८२ कार्तिक ११ गते (अक्टोबर २८, २०२५) देखि २०८२ कार्तिक २५ गते (नोभेम्बर ११, २०२५) गते सम्म बन्द रहने व्यहोराको यो सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

युनिलिभर नेपाल लिमिटेड
बसामाडी, हेटौँडा–०३
मकवानपुर, नेपाल